प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

बागमती प्रदेश, हेटौंडा, मकवानपुर

## सवारी साधनको विवरण अद्यावधिक गर्ने सम्बन्धी सूचना

बागमती प्रदेश सरकारले यातायात व्यवस्था कार्यालय/सेवा कार्यालयबाट प्रवाह हुने सेवाहरुलाई प्रविधिमैत्री बनाउँदै राजस्व भुक्तानी, नवीकरण, जरिवाना, अन्य दस्तुर तथा बीमा सम्बन्धी कार्यहरुलाई अनलाइन प्रणाली मार्फत भुक्तानीको व्यवस्थाका लागि **विद्युतीय माध्यमबाट यातायात क्षेत्रको सेवा प्रवाह तथा राजश्व भुक्तानी नियमावली, २०७८** को नियम ५ र ७ अनुसार बागमती प्रदेशका यातायात व्यवस्था कार्यालय/सेवा कार्यालयमा दर्ता भएका वा नवीकरण गरिएका सवारी साधनहरुको विवरण अद्यावधिक गर्ने कार्य भइरहेकोले सवारीधनीहरुले तल उल्लेखित कुनै एक विकल्पवाट विवरण अद्यावधिक गर्नुहुन जानकारी गराइन्छ ।

१. मन्त्रालयको यातायात व्यवस्था सूचना प्रणालीको वेब पोर्टल https://tmis.bagamati.gov.np मा गई मोबाइल नम्बर Verify गरी आफ्नो सवारीसाधन सम्बन्धी विवरण प्रविष्ट गर्न सकिने छ ।

२. नागरिक एप्समा रहेको **'सवारी कर'** पोर्टलमा गई आफ्नो सवारीसाधन सम्बन्धी विवरण अद्यावधिक गर्न सकिने छ ।